# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं, आषाढ १५ गते २०२३ साल [ अतिरिक्ताङ्क १२

श्री ५ को सरकार

उद्योग वाणिज्य मन्त्रालयको

### सूचना

निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम गर्न यो आदेश जारी गरेको छः—

१. ए. आर. वन इनभ्वाईस फर्म अन्तर्गत भारत अथवा पाकिस्तानबाट त्यहां बनेका चुरोट नेपालमा पैठारी गर्नेहरूले, तेस्ता चुरोटको प्रत्येक बट्टामा नेपालको निमित्त निकासी हुने (Export For Nepal) भन्ने भारत वा पाकिस्तानका तेस्ता चुरोट बनाउने कम्पनीले छाप लगाई पठाएको चुरोटमात्र मिति २०२३ साल श्रावण १ गतेदेखि नेपालभित्र आयात गर्न पाइने छ ।

२. हाल नेपालभित्र आइसकेको वा २०२३ साल श्रावण १ गते अघि आउने भारतीय वा पाकिस्तानी चुरोटहरूको ष्टक सम्बन्धित आयात कर्ताहरूले सदरभित्र भन्सार विभागमा १ प्रति र जिल्लाहरूको सम्बन्धमा मूल भन्सारहरूमा १।१ प्रति गरी लगत दिनु पर्नेछ ।

आज्ञाले—

कुमारमणि आ. दीक्षित

श्री ५ को सरकारको का. मु. सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

100